## आ.व. २०७६/१२/०६ को तेह्रौं बैठक

आज मिति २०७६ साल चैत्र ०६ गते बिहान ८ बजे रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

### उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , रासी गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,रासी गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री जगतवहादुर थापा, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, रासीगाउँ कार्यपालिका ।
सदस्य सचिव श्री शोभाराम रिजाल, रासी गाउँ कार्यपालिका ।

आमन्त्रित

श्री धन प्रसाद शर्मा, लेखा अधिकृत
श्री विश्वास वि.क.,शाखा अधिकृत
श्री विकास ज्ञवाली, अधिकृत

नुमानन्द सुवेदी
अध्यक्ष

नुमानन्द सुवेदी
अध्यक्ष

मिति २०७६/१२/०६ गते १३ औं कार्यपालिकाको बैठकका निर्णयहरु

बैठकका ऐजेण्डाहरु

१. सर्वहित बचत तथा सहकारी संस्थाका सम्बन्धमा,
२. नमूना आँपखोली ट्याङ्की निर्माण कार्यको रकमान्तर सम्बन्धमा,
३. पशु सेवा शाखाबाट प्राप्त बजेटको शिर्षक रकमान्तर सम्बन्धमा,
४. ४ नं वडाको बजेट स्रोतान्तर र योजना परिवर्तन सम्बन्धमा,
५. ६ नं वडाको बगरापुर सगरापुर नाली निर्माण सम्बन्धमा,
६. ९ नं वडाबाट प्राप्त बाटो निर्माण सम्बन्धमा,
७. २ नं वडाको बराखुट्टी देखि आदर्श मा.वि. को बाटो पक्की बनाउने र रकमान्तर सम्बन्धमा,
८. ५ नं वडाबाट प्राप्त रकमान्तर सम्बन्धमा,
९. प्रगन्ना तथा बडका पथ सिचाई आयोजनाको सिफारिस सम्बन्धमा,
१०. ४ नं वडा अन्तरगत दोलेखोला पक्की पूल निर्माणको डिपिआर सम्बन्धमा,
११. करन्दी सामुदायिक भवनको निमार्ण सहयोग सम्बन्धमा,
१२. मुक्त कमैया उत्थान कार्यक्रमको रकमान्तर सम्बन्धमा,
१३. लुम्बिनी सास्कृतिक एसोसिएसनको रोलर मेसिन भाडामा लिने सम्बन्धमा,
१४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका विद्यालयबाट प्राप्त प्रस्तावहरुको सिफारिस सम्बन्धमा,
१५. विविध सम्बन्धमा,

निर्णयहरु

निर्णय नं १. सर्वहित बचत तथा सहकारी संस्थाका सेवा केन्द्र विस्तार सम्बन्धमा कार्यविधि अध्ययन गरी कार्यविधिमा रहेको व्यवस्था बमोजिम हुने निर्णय गरियो ।

निर्णय नं २. नमूना आँपखोली ट्याङ्की निर्माण सम्बन्धी कार्यको प्राविधिक खटाई स्टिमेट गर्न लगाउने र प्राप्त स्टिमेट तथा प्राविधिकको प्रतिवेदनका आधारमा थप निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं ३. पशु तथा मत्स्य विकास शाखाबाट प्राप्त रकमान्तर सम्बन्धी योजनाका सम्बन्धमा छलफल गर्दा भवनको पलास्टर तथा रङ्ग रोगनका लागि प्राविधिकलाई खटाइ स्टिमेट गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं ४. ४ नं वडाको बजेट स्रोतान्तर र योजना परिवर्तन सम्बन्धमा छलफल गर्दा निम्नानुसार गर्ने निर्णय गरियो:

क. रात्री प्राथमिक विद्यालयका विधार्थीहरुलाई दिवा खाजा शिर्षकको रकम बडका पगरी सडक स्तोरन्नती सम्बन्धी कार्य सभामा पेश गर्ने निर्णय गरियो ।

ख. डेलुवा तथा ढकिया बुनाई शिर्षकमा रहेको रु. १०००००। - बजेटलाई होमपाइप खरिदमा खर्च गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

नुमानन्द सुवेदी
अध्यक्ष

नुमानन्द सुवेदी
अध्यक्ष

ग. जनकपुर सामुदायिक भवन निर्माणका लागि विनियोजन गरियोको रकम रु. ४०००००। खिनौटा सामुदायिक भवन निर्माण लागि रकमान्तर गर्ने निर्णय गरियो ।

घ. १० वटा टोल विकास संस्थाको रु ७००००। रकम वडा कार्यालयबाट डस्विन तथा अन्य सामग्री खरिद गर्ने कार्यमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ५. ६ नं वडाको बगरापुर सगरापुर नाली निर्माण सम्बन्धमा छलफल गर्दा बगरापुरदेखि पहरुवा जोड्ने सडक निर्माण शीर्षकको बचत रकम सोहि सडक निर्माणमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं ६. ९ नं वडाबाट प्राप्त योजनाका सम्बन्धमा छलफल गर्दा निम्नानुसार निर्णय गर्ने निर्णय गरियोः

क. धर्नपानी देखि चोत्रेनीसम्मको बाटोलाई प्राविधिक स्टिमेटका तत्काल अमानतमा मर्मत कार्य सुरु गर्ने निर्माण गर्ने निर्णय गरियो ।

ख. धापखोला खानेपानी आयोजनाको ट्याङ्की मर्मत सम्बन्धमा छलफल गर्दा प्राविधिकबाट प्राप्त स्टिमेटका आधारमा मर्मत सम्भार कोषबाट रकमको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ७ मा वि विद्यालयहरुको सडक स्तरोन्नती शिर्षकबाट देहायानुसारका योजनामा बाँडफाँड गर्ने निर्णय पारित गरियोः

क. श्री माध्यमिक विद्यालय मौरीघाटलाई रकम रु. २० लाख

ख. श्री सर्वोदय माध्यमिक विद्यालय जाने बाटो प्रगती नगरदेखि विद्यालय जाने बाटोको लागि रकम रु. १५ लाख

ग. श्री आदर्श माध्यमिक विद्यालय जाने बाटोको लागि रकम रु. १५ लाख

घ. बाउन्ने पाटामा कटाई सिलाई शिर्षकको विनियोजित रकम रु २५००००। लाई बाउन्नेपाटा पिपलटारी सडक स्तरोन्नतीका लागि सभाले अनुमोदन गर्ने गरी पारित गर्ने निर्णय गरियो

निर्णय नं ८. ५ नं वडाबाट प्राप्त रकमान्तर सम्बन्धमा छलफल गर्दा निम्नानुसार पारित गर्ने निर्णय गरियोः

क. कमल रोड देखि सिमल रुख सम्मको सडक तथा डोलाई खोला पहरुवा चोक सडक वस्ती निर्माण सम्बन्धमा छलफल गर्दा सम्बन्धीत उपभोक्ता समितिले काम गर्न नसकेकोले वडा समिति मार्फत उपभोक्ता समितिको विघटन गराई नयाँ उपभोक्ता समिति गठन गरी दानोदर सडक तथा पहरुवा दक्षिण तर्फको सडक ग्राभेल गर्ने कार्यमा खर्च गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ९ प्रगन्ना तथा बडका पथ सिंचाई आयोजनाबाट सिफारिस माग भई आएकोले प्राप्त निवेदनसहित सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १०. ४ नं वडा अन्तरगत दोलेखोला पक्की पूल निर्माणको डिपिआर सम्बन्धमा छलफल गर्दा पुरानो डिपिआर खोजी गरी पुनरावलोकन गर्ने र आगामी बजेटमा उक्त कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

नुमानन्द सुवेदी
अध्यक्ष

नुमानन्द सुवेदी
अध्यक्ष

निर्णय नं ११. करन्दी सामुदायिक वन उपभोक्ता समूहको भवन अगाडिको ट्रस निर्माण सहयोग सम्बन्धमा छलफल गर्दा रु १ लाख रकम मर्मत कोष शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं १२. मुक्त कमैया कमलरी उत्थान कार्यक्रमको सम्बन्धमा छलफल गर्दा मुक्त कमैया समाजबाट

प्रस्ताव भई आए बमोजिम डोजर तालिम कार्यक्रमका लागि रकम रु ५०००००। रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं १३. लुम्बिनी सास्कृतिक एसोसिएसनको रोलर नेलिन भाडामा लिने सम्बन्धमा प्रस्ताव माग भई

आएको सन्दर्भमा छलफल गर्दा प्रतिसपर्धात्मक रुपमा प्रति घण्टा दरले भाडामा दिने निर्णय गरियो ।

निर्णय नं १४ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम माग गरेका विद्यालयहरुबाट प्राप्त प्रस्ताव तथा परियोजनाहरुलाई प्राथमिकता निर्धारण गरी विद्यालयहरुको प्रस्ताव तथा परियोजनाहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १५. शंकर सामुदायिक वन भवन निर्माणको लागि विनियोजन भएको रकम रु ३ लाख श्री शंकर तालको डिपिआर समेतको लागि खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं १६. सिसहनिया महदेवा सडक खण्डको कालोपत्रे गर्नको लागि टेन्डर प्रक्रियाबाट बचत भएको रकम सोही सडकको थप कालोपत्र गर्ने योजनामा खर्च गर्ने निर्णय गरियो ।

विविध सम्बन्धमा छलफल गर्दा निम्नानुसार प्रस्ताव पारित गर्ने निर्णय गरियोः

निर्णय नं १७. विविध सम्बन्धमा छलफल गर्दा निम्नानुसार प्रस्ताव पारित गर्ने निर्णय गरियोः

क. ५० प्रतिशत अनुदानमा प्रति भकारो १००००।- गाउँपालिकाको तर्फबाट बाँकी रकम सम्बन्धित कृषकबाट व्यहोर्ने गरी पारित गर्ने निर्णय गरियो ।

ख. ५ वटा सहायक मार्ग स्तरोन्नती तथा कालोपत्रे गर्दा टेन्डर प्रक्रियाबाट बचत भएको रकम सोही सडकको थप स्तरोन्नती तथा कालोपत्र गर्ने कार्यमा खर्च गर्ने निर्णय गरियो ।

ग. बगासोती बाटो मर्मतका लागि मर्मत सुधार कोषबाट रकम रु १ लाख खर्च गर्ने निर्णय गरियो ।

घ. मर्मत सुधार कोषबाट निम्नानुसार खर्च गर्ने निर्णय गरियोः

१. राप्ती गाउँपालिका वडा नं २ को अम्बिकेश्वरी मन्दिरका लागि रकम रु. १ लाख खर्च गर्ने निर्णय गरियो ।

२. राप्ती गाउँपालिका वडा नं १ भालुवाङमा योगा भवन निर्माणको लागि ४ लाख खर्च गर्ने निर्णय गरियो ।

३. राप्ती गाउँपालिका वडा नं १ चैते पिपलटारी नाला निर्माणको लागि १ लाख खर्च गर्ने निर्णय गरियो ।

नुमानन्द सुवेदी
अध्यक्ष

नुमानन्द सुवेदी
अध्यक्ष

४. राप्ती गाउँपालिका वडा नं २ को करन्दी सामुदायिक वन मन्दिरको ट्रस्ट राख्ने कार्यका लागि १ लाख खर्च गर्ने निर्णय गरियो ।

५. राप्ती गाउँपालिका वडा नं ६ मा विद्युत पोल सार्ने कार्यका लागि रु. १ लाख खर्च गर्ने निर्णय गरियो ।

६. राप्ती गाउँपालिका वडा नं २ कालिका बाटो नाला निर्माणका लागि रु. ३ लाख खर्च गर्ने निर्णय गरियो ।

७. मझेरीया सामुदायिक शौचालय निर्माणका लागि रु १ लाख खर्च गर्ने निर्णय गरियो ।

८. पहरुवा बगझुक्ली कुलो सफाईको लागि रु. १ लाख खर्च गर्ने निर्णय गरियो ।

९. पहरुवा गल्लीमा अधुरो नाला निर्माणका लागि रु. ८ लाख खर्च गर्ने निर्णय गरियो ।

१०. बगासोती होमस्टेका लागि रु. ५ लाख खर्च गर्ने निर्णय गरियो ।

ङ. वनकुलोमा कलभट निर्माणका लागि भएको रकममा अटो ग्यारेज शिर्षकमा रहेको रकम रु १०००००। रकमान्तर गरी वनकुलो कलभर्ट निर्माणमा रकमान्तर गर्ने ।

च. दामोदर रोडदेखि फयरी खोला अधुरो नाला निर्माण काम अधुरो रहेको हुँदा नुमानन्द खनालको घरदेखि भित्रको बाटो पीचको रकम २५००००। दामोदर सडकदेखि फयरीखोला अधुरो नाला र बाटो ग्रेभल गर्ने कार्यमा खर्च गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

छ. मच्छिताल जाने बाटोमा भुई स्लेप भएकोमा त्यसमा माच्छिताल जाने बाटोमा भुई स्लेप र डाँडे आँप चौतारी निर्माण शिर्षकमा रकम रु. १५००००। रकमान्तर गर्ने निर्णय गरियो ।

ज. राप्ती उद्योग वाणिज्य संघको कार्यालय अगाडि वाल माटो फिलिङ भएकोमा फिलिङ भएकोमा गेटको अगाडि फिलिङ तथा टायल लगाउने कार्यमा रकम खर्च गरी खर्च रकमान्तर गर्ने निर्णय गरियो ।

झ. शान्तीपुर कृषि मार्गमा अधुरो बाटो निर्माण शिर्षकमा भएको होम पाइप र तल पानी झर्ने नाला निर्माण शिर्षक फरक परेकोले शिर्षक संशोधन गर्ने निर्णय गरियो ।

ञ. रिङरोड भित्री बाटो नाला निर्माण योजनाको स्टिमेटमा फरक परेकोले उक्त स्टिमेटबाट सेलेप राखेको हुँदा सेलेप हटाई नाला निर्माण मात्र शिर्षक राख्ने गरी निर्णय गरियो ।

ट. आँपखोली देखि बगासोती बाटो पिच शिर्षक रहेकोमा उक्त शिर्षकलाई परिवर्तन गरी आँपखोली बगासोती सडक स्तरोन्नती योजना नाम कायम गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

नुमानन्द सुवेदी
अध्यक्ष